आज मिति २०८३/०४/०१ गतेका विहान ८:०० वजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी, तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री विज्ञान पौडेल

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

लेखा अधिकृत :– श्री मनी राना मगर

ईन्जिनियर :– श्री सुरेश गौतम

**मिति २०८३ श्रावण १ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु ।**

**निर्णय नं. १ : अघिल्लो बैठकको समीक्षा तथा रिपोर्टिङ सम्बन्धमा ।**

मिति २०८३/०३/१९ को मर्स्याङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था बारेण यस बैठकमा समीक्षा गरियो । साथै वडाको कार्य प्रगति र वर्तमान अवस्था बारे वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ भयो । समीक्षा र रिपोर्टिङ्गको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो । समग्र कार्य प्रगति सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ : आ.व. २०८३/०८४ को लागि दररेट स्वीकृत सम्बन्धमा :**

यस मर्स्याङदी गाउँपालिका कार्यालयको लागी आ.व. २०८३/८४ मा सन्चालित हुने योजना तथा कार्यक्रमहरुको दररेट निर्धारण गर्ने सम्बन्धमा बसेको बैठकबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ उपनियम (१) बमोजिम निर्धारण गरिएको जिल्ला दररेटमा निर्माणस्थल सम्म पुग्ने दुरी एकिन गरी सोही जिल्ला दररेटमा ढुवानी थप गर्ने गरी आ.व. २०८३/८४ को लागी यस गाउँपालिका भित्र सन्चालन हुने योजना तथा कार्यक्रमहरुको दररेट स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ : आ.व. २०८३/०८४ को कार्य योजना सम्बन्धमा ।**

आ.व.२०८३/०८४ को योजना तथा कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित गर्न निम्नानुसार कार्य योजना स्वीकृत गरि कार्यन्वयनमा ल्याउने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**क) ठुला योजना/आयोजनाहरु :**

- योजनाहरुको टेन्डर निष्काशन - २०८३ भदौ १५ गते सम्म ।

**ख) उपभोक्ता समितिवाट हुने योजना/आयोजनाहरु :**

- उपभोक्ता समिति गठन सम्पन्न - २०८३ भदौ १५ गते सम्म ।
- प्राविधिक-स्टिमेट सम्पन्न - २०८३ मङ्सिर १५ गते सम्म ।
- योजना सम्झौता - २०८३ मङ्सिर मसान्त सम्म । (१० लाख सम्मका योजनाहरु सम्बन्धित वडामा सम्झौता गर्ने)
- योजना निर्माण सम्पन्न - २०८३ चैत्र मसान्त सम्म ।
- योजनाहरुको भुक्तानी - २०८३ जेष्ठ मसान्त सम्म ।

**निर्णय नं. ४ : योजनाको ठेक्का तथा प्याकेजिङ सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०८३/०८४ को स्विकृत नीति, कार्यक्रम तथा बजेट अन्तर्गत पालिका तथा वडा स्तरीय योजनाहरु मध्ये रु.१५ लाख (श्रमदान, VAT र कन्टिन्जेन्सी सहित एकमुष्ठ) भन्दा माथिका योजनाहरु योजनाको मितव्ययी, पारदर्शी, गुणस्तरीय र प्रभावकारी कार्यान्वयनको लागि ठेक्का सम्झौता मार्फत कार्यान्वयन गर्ने साथै आवश्यकता र औचित्यको आधारमा भुगोल, उद्धेश्य र प्रकृति अनुसार एक भन्दा बढी योजनाहरुलाई प्योकेजिङ गरी कार्यान्वयन गर्ने यस गाउँपालिकाको गाउँ कार्यपालिका बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष



AnyScanner

**निर्णय नं. ५ : ब्याक्हो लोडर भाडामा लिने सम्बन्धमा :**

यस गाउँपालिकाको नाममा रहेको ब्याक्हो लोडर ग १ भ ३४२२ पुरानो भएकाले समय समयमा बिग्री रहने र वर्षातको समयमा कुनै पनि समय बाढी पहिरोको कारण सडकहरु अवरुद्ध भई आवत जावत अवरुद्ध हुन जाने अवस्थालाई मध्यनजर गरी यो मुख्य वर्षातको समयमा आवश्यकताको आधारमा ब्याक्हो लोडर भाडामा लिने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ६ : कार्यलयको मोटरसाईकल मर्मत खर्च सम्बन्धमा :**

यस मर्स्याङदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मातहत रहेका सरकारी मोटर साइकल मर्मतको लागि अधिकतम बार्षिक रु.२०,००० अक्षरुपी बिस हजार मात्र मर्मत खर्च उपलब्ध गराउने यस कार्यपालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरीयो ।

**निर्णय नं. ७ : ईन्धन सुविधा सम्बन्धमा :**

यस मर्स्याङदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मातहत रहेका सरकारी मोटर साइकल, पूर्वाधार तर्फको प्राविधिकहरुले प्रयोग गर्ने मोटरसाइकल र कार्यालयको कामकाजमा प्रयोग हुने मोटर साइकलहरुलाई प्रति महिना प्रति मोटर साइकल १० (दश) लिटर इन्धन उपलब्ध गराउने यस कार्यपालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरीयो ।

**निर्णय नं. ८ : खरिद समिति / इकाई गठन सम्बन्धमा :**

सार्वजनिक खरिद ऐन वमोजिम कार्यविधि पुरा गरी खरिद सम्वन्धी कार्य गर्ने गराउने कार्यको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता भएको र खरिद कार्य सम्वन्धी ज्ञान भएको वा तालिम प्राप्त गरेको कर्मचारीहरुबाट तपसिल खरिद इकाइ गठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल:

१. प्रशासन शाखा प्रमुख, संयोजक
२. वरिष्ठ लेखा सहायक, सदस्य
३. सम्वन्धित शाखा प्रमुख, सदस्य

**निर्णय नं. ९ : खर्च मापदन्ड सम्बन्धमा :**

यस मर्स्याङदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतको वडा कार्यालयहरुमा हुने कार्यक्रमहरु सञ्चालनको लागि व्यवस्थापन खर्च यथावत राख्दै प्रतिवेदन वापतको खर्चको प्रावधान हटाई तपसिल वमोजिमको खर्च मापदण्ड अनुमोदन गर्ने यस कार्यपालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरीयो ।

तपसिल:

- सहभागीहरुलाई खाजा बापत रु.१५० सम्म गर्ने ।
- कार्यक्रममा संलग्न कार्यालय सहयोगी भत्ता बापत रु.२५० व्यवस्था गर्ने ।
- मसलन्द सामाग्री प्रति सहभागी रु.१०० सम्म व्यवस्था गर्ने ।
- ब्यानर पानी लगायतका लागि विविध खर्च बापत अधिकतम रु.२,००० उपलब्ध गराउने ।
- सहभागीहरुलाई सादा खाना वापत रु. २०० सम्म गर्ने ।
- सहभागीहरुलाई मासु खाना वापत रु. ४०० सम्म गर्ने ।

नोट : गाउँपालिकाको क्यान्टिनको हकमा सम्झौता बमोजिम कै दररेटमा कार्यान्वयन हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

**निर्णय नं. १० : सवारी साधन भाडामा लिने सम्बन्धमा :**

यस मर्स्याङ्दी गाउँपालिकाको भौगोलिक अवस्था जटिलता रही ९ वटा वडामा विभाजन रहेको र उक्त वडाहरुमा विभिन्न कार्य सम्पन्न गर्न जस्तै सामाजिक सुरक्षा भत्ता वितरण, कार्यालय सामान ढुवानी, विभिन्न कार्यक्रम तथा आयोजनाहरुको लागत अनुमान तथा अनुगमन मूल्याङ्कन लगायत विभिन्न कार्यको लागि आवश्यकता अनुसार दुरी अनुसारको दैनिक भाडादरमा हलुका सवारी साधन भाड्मा लिनु पर्ने भएकोले आ.व.२०८२/०८३ मा छनौट भएको सबै भन्दा कम भाडा दर पेश गर्ने यस मर्स्याङदी गाउँपालिका वडा नं. ३ को गाडी धनी श्री लेख मान कतिलासँग भएको विगतको सम्झौतालाई अर्को व्यवस्था नभए सम्म पुन सम्झौता गरी निरन्तरता दिने यस कार्यपालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरीयो ।

**निर्णय नं. ११ : स्थायी कर्मचारीहरुको स्थानीय भत्ता र महङ्गी भत्ता सम्बन्धमा :**

स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरुले नेपाल सरकार अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाबाट तोकिए बमोजिम स्थानीय भत्ता प्रयोजनको लागि स्थान वर्गीकरण अन्तरगत यस लमजुङ जिल्ला 'घ' वर्गको स्थानीय भत्ता पाउने जिल्लामा वर्गीकरण भएकोले तपसिल बमोजिम स्थानीय भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

| लमजुङ जिल्ला 'घ' वर्ग | | | | |
|---|---|---|---|---|
| क्र.स. | पद | सदरमुकाम र ६ कोष भित्र | सदरमुकामबाट ६ कोष र सो भन्दा बाहिर | कैफियत |
| १ | कार्यालय सहयोगी | १७५० | २२४० | ३.२ किलोमिटरको १ कोष कायम गरिएको । |
| २ | रा.प्र.अनंकित चतुर्थ | २००० | २१०० | |
| ३ | रा.प.अनंकित तृतीय | २२८० | २५०० | |
| ४ | रा.प.अनंकित द्वितीय | २५६० | २७६० | |
| ५ | रा.प.अनंकित प्रथम | ३०६० | ३२१० | |
| ६ | रा.प. तृतीय | ३७५० | ३९४० | |
| ७ | रा.प. द्वितीय | ५००० | ५२५० | |
| ८ | रा.प. प्रथम | ६२५० | ६७०० | |
| ९ | रा.प. विशिष्ट | १०५०० | ११०३० | |

यस मर्स्याङदी गाउँपालिका अन्तरगतको वडाहरु तपसिल बमोजिमको कोष कायम गर्ने निर्णय गरियो ।

तपसिल:

वडा नं. १, नायु ७.५ कोष (बेसीशहर - वडा कार्यालय नायु २४ किलोमिटर)

वडा नं. २, मोर्डी ३.७५ कोष (बेसीशहर - वडा कार्यालय मोर्डी १२ किलोमिटर)

वडा नं. ३, खुदी २.१८ कोष (बेसीशहर - वडा कार्यालय खुदी ७ किलोमिटर)

वडा नं ४, छापा ६.५६ कोष (बेसीशहर - वडा कार्यालय छापा २१ किलोमिटर)

वडा नं. ५, घेर्मु ७.५ कोष (बेसीशहर - वडा कार्यालय घेर्मु २४ किलोमिटर)

वडा नं. ६, बाहुनडाँडा ५.३१ कोष (बेसीशहर - वडा कार्यालय बहुनडाँडा १७ किलोमिटर)

वडा नं. ७, ढादी ३.४३ कोष (बेसीशहर - वडा कार्यालय ढादी ११ किलोमिटर)

वडा नं. ८, भुलभुले २.६५ कोष (बेसीशहर - वडा कार्यालय भुलभुले ८.५ किलोमिटर)

वडा नं. ९, गोपालडाँडा २ कोष (बेसीशहर वडा कार्यालय गोपालडाँडा ६.४ किलोमिटर)

साथै नेपाल सरकारको आर्थिक बर्ष २०८२/८३ को बजेट वक्तव्यको बुँदा नं. ३४९ मा चालु आर्थिक बर्ष २०८२ साल साउन १ गते देखि लागु हुने गरी महङ्गी भत्ता वृद्धि गरी मासिक रु.५,०००।- उपलब्ध गराउने व्यवस्था भए बमोजिम यस गाउंपालिकाबाट स्थायी कर्मचारीहरुलाई उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. १२ : न्यायिक सहजकर्ताको करार म्याद थपको लागि सिफारिस सम्बन्धमा :**

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र संख्या २०८१/८२ चलानी नं. २१८१ मिति २०८२/०३/३२ को पत्रबाट स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) कार्यविधि, २०८१ को दफा ९ (६) बमोजिम न्यायिक सहजकर्तालाई सम्बन्धित स्थानीय तहको सिफारिसमा अर्को आर्थिक वर्षका लागि पुन: करार गरी काममा लगाउने सकिने व्यवस्था रहेकोले यस मर्स्याङदी गाउँपालिकाको न्यायिक सहजकर्ताको आवश्यकता र हाल न्यायिक सहजकर्ताको रुपमा कार्यरत विष्णु राज घिमिरेको कार्यसम्पादनको आधारमा निजलाई आर्थिक वर्ष २०८३/८४ को लागि करार म्याद थप गर्न गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. १३ : सेवा सञ्चालन तथा जनशक्ति व्यवस्थापन सम्बन्धमा :**

नेपाल सरकारको मिति २०८२/०७/१७ को निर्णय बमोजिम साविकमा आन्तरिक राजश्व विभाग अन्तर्गतका जिल्ला स्थित करदाता सेवा कार्यालयहरुबाट प्रदान हुँदै आएका सेवाहरु सम्बन्धित स्थानीय तहहरुबाट प्रदान गर्ने व्यवस्था भए अनुसार करदाता सेवा कार्यालय, लमजुङले प्रदान गर्दै आएका यस मर्स्याङदी गाउँपालिका अन्तर्गतका करदाताहरुका तोकिए बमोजिमका सेवा प्रवाह सँग सम्बन्धित कार्य यसै गाउँपालिकाबाट सम्पादन हुने व्यवस्थाका लागि सम्बन्धित निकायमा पत्राचार गरी आवश्यक प्रकृया अगाडी बढाउने साथै उक्त सेवा प्रवाह सँग सम्बन्धित कार्य सम्पादन गर्न, गराउन तपसिल बमोजिमका कर्मचारीहरुलाई जिम्मेवारी तोक्ने यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

१. मनि राना मगर, लेखा अधिकृत, क.सं.नं. ४-४२-४२६६-०४११६

२. अनिल गुरुङ, सहायक प्रशासकिय अधिकृत, क.सं.नं. २०३२९८

३. सुदिन पौडेल, वरिष्ठ लेखा सहायक क.सं.नं. २५८३०५

४

विजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

AnyScanner